# सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि, २०७४

<u>आयोगबाट स्वीकृत मिति</u>
२०७४/०८/१३

**<u>प्रस्तावना :</u>** नेपालमा सशस्त्र द्वन्द्वका क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी योजनावद्ध रुपमा गरिएका व्यक्ति बेपत्ता पार्ने कार्य लगायतका मानव अधिकारको गम्भिर उल्लङ्घन सम्वन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक सत्य तथ्य जन समक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव र सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरण एवं पुर्नस्थापनाको व्यवस्था गर्न र त्यस्तो अपराधमा संलग्नलाई कानूनी कारवाहीको लागि सिफारिस गर्न गठित बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले ऐन, नियमावली बमोजिम गर्ने सार्वजनिक सुनुवाईको कार्यलाई सरल, व्यवस्थित र एकरुपता कायम गर्न, पीडितहरुले जानकारी पाउने हकलाई सुनिश्चितता कायम गर्न र स्वच्छ, निश्पक्ष सुनुवाईको अधिकारलाई सुनिश्चितता प्रदान गर्न सार्वजनिक सुनुवाई सम्वन्धी कार्यविधि बनाउन वाञ्छनीय भएकोले,

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ को नियम ४२ ले दिएको अधिकार प्रयोग गरी आयोगले देहाय बमोजिमको सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि जारी गरेको छ ।

## परिच्छेद एक
## प्रारम्भिक

**१. नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि, २०७४” रहेको छ ।

(२) यो कार्यविधि आयोगले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।*

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “ऐन” भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ ।

(ख) “नियमावली” भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ सम्झनु पर्छ ।

(ग) “आयोग” भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग सम्झनु पर्छ ।

(घ) “निर्देशिका” भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग निर्देशिका, २०७३ सम्झनु पर्छ ।

---

* मिति २०७४।०८।१३ मा भएको आयोगको ६५ औं बैठकको निर्णयबाट स्वीकृत भएको ।

(ङ) “कार्यविधि” भन्नाले सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि, २०७४ सम्झनु पर्छ ।

(च) “समिति” भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठित सार्वजनिक सुनुवाई समिति सम्झनु पर्छ ।

(छ) “सार्वजनिक सुनुवाई” भन्नाले आयोगले सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्य सम्बन्धी घटनाको छानविन गर्ने सम्वन्धमा सत्य तथ्य पत्ता लगाउने, परिपूरण, सामूहिक परिपूरण, क्षतिपूर्ति उपलब्ध गराउने लगायत आयोगले उपयुक्त ठानेका अन्य विषयमा यस कार्यविधि बमोजिम सार्वजनिक स्थानमा खुल्ला छलफल गर्ने सुनुवाईलाई सम्झनु पर्छ ।

(ज) “सरोकारवाला पक्ष” भन्नाले पीडित, सर्वसाधारण व्यक्ति, जेष्ठ नागरिक, पीडक, स्थानीय प्रशासन, स्थानीय राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, मानव अधिकारकर्मी, कानून व्यवसायी, द्वन्द्व तथा सङ्क्रमणकालीन न्यायको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरु, महिला अधिकारकर्मी, स्थानीय सञ्चारकर्मी समेतलाई सम्झनु पर्छ ।

(झ) “अन्य अधिकारी” भन्नाले सार्वजनिक सुनुवाईको कार्यमा आयोगका तर्फबाट संलग्न हुने व्यक्तिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## सार्वजनिक सुनुवाईको विषय र मापदण्ड

**३. सार्वजनिक सुनुवाई गर्ने विषय :** (१) आयोगको क्षेत्राधिकार भित्र पर्ने देहायको विषयमा आयोगले यस कार्यविधि बमोजिम सार्वजनिक सुनुवाई गर्न सक्नेछ :-

(क) उजूरीमा उल्लिखित घटनाको वास्तविक तथ्य यकिन गर्न,

(ख) व्यक्ति बेपत्ता पार्ने कार्य सम्वन्धी घटनाका पीडित पहिचान गर्न,

(ग) पीडितलाई उपलब्ध गराउने, राहत, परिपूरण, सामूहिक परिपूरण, क्षतिपूर्ति, सुविधा वा सहुलियतको परिमाण वा प्रकृतिको उपयुक्तता यकिन गर्न,

(घ) समाजमा दिगो शान्ति, पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धिका लागि उपयुक्त वातावरण निर्माण गर्न,

(ङ) आयोगले सम्पादन गरेको काम कारवाही सम्वन्धी विवरण पीडित लगायत सर्वसाधरणको लागि जानकारी गराउन,

(च) बेपत्ता पारिएका व्यक्तिको कानूनी हैसियत सम्बन्धमा स्पष्ट पार्न,

(छ) बेपत्ता पारिएका व्यक्तिको पैतृक सम्पत्तिको हस्तान्तरण र उपयोग गर्न,

(ज) सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण पत्ता लगाई भविष्यमा यस्ता घटना दोहोरिन नदिनका लागि गरिनुपर्ने आवश्यक नीतिगत, कानूनी, संस्थागत,

प्रशासनिक र व्यवहारिक सुधारका सम्बन्धमा सरोकारवाला र सर्वसाधारणको सुझाव लिन,

(झ) प्रतिवेदन कार्यान्वयन गर्न आवश्यक कुनै कानून बनाउन,

(ञ) मानव अधिकारको प्रवर्द्धन, न्याय प्रणालीको सुदृढिकरण तथा समाजमा मेलमिलापको वातावरण सृजना गर्ने सम्बन्धमा नेपाल सरकारले तत्काल तथा भविष्यमा अवलम्बन गर्न,

(ट) आयोगले उपयुक्त ठानेका अन्य विषय ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विषयमा सार्वजनिक सुनुवाई गरिने छैन ।

(क) व्यक्ति बेपत्ता पारिएका घटनाका सम्बन्धमा अदालतमा विचाराधिन मुद्दाको विषय,

(ख) कानून बमोजिम गोपनियता कायम राख्नुपर्ने विषय,

(ग) पीडित, उजूरीकर्ता, साक्षी वा आयोगलाई छानविन कार्यमा सहयोग गर्ने व्यक्तिको सुरक्षामा प्रतिकूल असर पार्ने विषय,

(घ) कुनै व्यक्तिको इज्जत, आत्मसम्मान, गोपनियता वा सुरक्षामा प्रतिकूल असर पर्ने विषय,

(ङ) शान्ति र सु-व्यवस्थामा खलल पर्ने वा छानविन प्रकृयालाई प्रतिकूल असर पर्ने विषय,

(च) आयोगले उपयुक्त ठानेका अन्य विषय ।

४. **सार्वजनिक सुनुवाई सम्वन्धी मापदण्ड :** (१) आयोगबाट सार्वजनिक सुनुवाई गर्दा देहाय बमोजिमको मापदण्डको अवलम्बन गर्नुपर्नेछ :

(क) घटनाको सत्य तथ्य पत्ता लगाउने, परिपूरण वा क्षतिपूर्ति उपलब्ध गराउने र समाजमा पुर्नस्थापना गर्ने वातावरण निर्माण गर्ने तर्फ सुनुवाई केन्द्रित हुनुपर्ने ,

(ख) खुला, स्वतन्त्र, भयरहित, निर्धक्क र व्यवस्थित रुपमा ईच्छुक सहभागीले सुनुवाईमा सरिक हुन पाउने,

(ग) सहभागीहरुलाई तथ्य र आधार सहित घटनाको यथार्थ तथ्य प्रस्तुतिका लागि प्रोत्साहन गर्ने,

(घ) सहभागीहरुको सुरक्षाको सुनिश्चितता गर्ने,

(ङ) अभिव्यक्त घटना विवरण, विचार तथा सुझाव सहभागीकै शब्दमा अभिलेखिकरण गर्ने,

(च) सम्वद्ध सरकारी तथा गैर सरकारी निकायसँग समन्वय र सहकार्य गर्ने,

(छ) आयोगका पदाधिकारी वा अन्य अधिकारीको घटनासँग सम्वन्ध भएमा त्यस्तो सुनुवाईमा संलग्न नहुने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि घटनाको प्रकृति, संवेदनशिलता र औचित्यलाई विचार गरी समितिले उपयुक्त ठहऱ्याएका व्यक्ति मात्र सहभागी हुन पाउने गरी सार्वजनिक सुनुवाई गर्न बाधा पर्ने छैन।

**५. सार्वजनिक सुनुवाईमा सहभागीले पालना गर्नुपर्ने नियमः** (१) सार्वजनिक सुनुवाईमा सहभागीहरुले देहाय बमोजिमको नियम पालना गर्नु पर्नेछ :

(क) सम्बन्धित विषय र तथ्यमा केन्द्रित रहेर आफूले देखे, सुने वा थाहा पाएको व्यहोरा राख्नु पर्नेछ ।

(ख) कसैले पनि एक-अर्का प्रति आरोप-प्रत्यारोप वा सवाल-जवाफ गर्नु हुदैन।

(ग) कसैले पनि पीडितको मनोभावना र मर्यादामा आँच आउने र कसैको चरित्र हत्या गर्ने उद्देश्यले आफ्नो भनाई व्यक्त गर्न हुदैन ।

(घ) सुनुवाई समितिद्वारा निर्धारित पालो र समय सीमाको अधिनमा रहेर आफ्नो विचार राख्नु पर्नेछ ।

(ङ) सुनुवाईको श्रव्य/दृश्य छायाङ्कन र टिपोट गर्ने कार्य सुनुवाई समितिबाट खटिएका व्यक्तिहरु बाहेक अरुले गर्न हुदैन । तर सुनुवाई समितिले अनुमति दिएका व्यक्तिले तोकिएको शर्तको अधिनमा रही सुनुवाईको श्रव्य/दृश्य छायाङ्कन र टिपोट गर्ने कार्य गर्न सक्नेछ ।

(च) सुनुवाईलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सबैले सहयोग गर्नु पर्नेछ ।

(छ) सुनुवाई समितिबाट निर्धारण गरिएका आचारण र नियमहरुको पालना सबैले गर्नु पर्नेछ ।

(२) तोकिएको नियम पालना नगर्ने व्यक्तिलाई समितिले सो कार्य नगर्न वा कार्यक्रमस्थलबाट बाहिर जान अनुरोध गर्नेछ ।

(३) सुनुवाई समितिको अनुरोधलाई वेवास्ता गरी अनुसूची १ बमोजिम आचरण प्रतिकूल गर्ने जो कोहीलाई स्थानीय प्रशासनको सहयोगमा सुनुवाई कार्यक्रमस्थलबाट बाहिर पठाउन सकिनेछ ।

(४) उपदफा (३) मा उल्लिखित कुरामा प्रचलित कानून बमोजिम कसूर ठहरिने कार्य गरेमा कारवाही गर्न बाधा पर्ने छैन ।

**६. सार्वजनिक सुनुवाईमा सहभागिताको लागि सूचना गर्ने :** (१) सुनुवाई हुने विषयवस्तु, कार्यक्रम स्थल, मिति र समय उल्लेख गरी सरोकारवाला पक्ष र सर्वसाधारणको जानकारीको निमित्त सुनुवाई हुनुभन्दा कम्तिमा तीन दिन अगावै सूचना जारी गर्नु पर्नेछ ।

(२) घटनाको प्रकृति, संवेदनशिलता र औचित्यलाई विचार गरी समितिले उपयुक्त ठहऱ्याएका व्यक्ति मात्र सहभागी हुने गरी सुनुवाईका लागि सूचना जारी गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जारी गरिने सूचनाको संप्रेषणको माध्यम समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम गरिने सार्वजनिक सुनुवाईमा असम्बन्धित व्यक्तिको सहभागितालाई सुनुवाई समितिले रोक लगाउन सक्नेछ ।

**परिच्छेद-३**

**सार्वजनिक सुनुवाई समितिको गठन, सुनुवाई प्रक्रिया र व्यवस्थापन**

७. **सार्वजनिक सुनुवाई समितिको गठन :** (१) सार्वजनिक सुनुवाई गर्नको लागि आयोगले सुनुवाई गरिने प्रत्येक स्थानको लागि देहाय बमोजिमको कम्तिमा एक जना महिला रहने गरी चार सदस्यीय सुनुवाई समिति गठन गर्नेछ :

(क) आयोगका अध्यक्ष वा निजले तोकेको आयोगका सदस्य -संयोजक

(ख) सम्बन्धित अनुसन्धान अधिकारी वा आयोगले तोकेको १ जना अनुसन्धान विज्ञ -सदस्य

(ग) आयोगले तोकेको १ जना मनोसामाजिक परामर्शदाता -सदस्य

(घ) आयोगको कम्तिमा अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

(२) आयोगबाट छानविन तथा कारवाही गर्नुपर्ने व्यक्ति कुनै सदस्यको नातेदार भएमा वा कुनै कारोबारको सिलसिलामा निजसँग प्रत्यक्ष रुपमा सम्बन्धित भएमा सो सदस्यले त्यस्तो सुनुवाईमा संलग्न हुनु हुँदैन ।

(३) उपदफा (१) को देहाय (ख) र (ग) मा उल्लिखित समितिका सदस्यहरुमध्ये कुनै एक सदस्यको अनुपस्थिति भएता पनि सुनुवाई कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन ।

८. **सार्वजनिक सुनुवाई गर्नु पूर्वको तयारी :** (१) सार्वजनिक सुनुवाई गर्नु पूर्व समितिले सुनुवाईको कार्ययोजना तयार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम कार्ययोजना तयार गर्नु भन्दा पहिले समितिले स्थानीय राजनीतिक दलका प्रतिनिधि, स्थानीय प्रशासन, नागरिक समाज, मानव अधिकारकर्मी, कानून व्यवसायी, द्वन्द्व तथा सङ्क्रमणकालीन न्यायको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरु, महिला अधिकारकर्मी, स्थानीय सञ्चारकर्मी समेतको परामर्श लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम तयार गरिने कार्ययोजनामा निम्न विषयहरु समावेश गर्नु पर्नेछ :

(क) सार्वजनिक सुनुवाई केन्द्रित हुनुपर्ने विषयवस्तु निर्धारण,

(ख) सुनुवाई स्थलको चयन र व्यवस्थापन,

(ग) सहभागिको निर्धारण,

(घ) सुरक्षा व्यवस्था,

(ङ) खानेपानी, प्राथमिक उपचार एवं मनोसामाजिक परामर्शको व्यवस्थापन साथै संभावित जोखिम र जोखिम न्यूनिकरणको उपाय,

(च) समितिले उपयुक्त ठानेका अन्य विषय ।

(४) समितिले सुनुवाई कार्यक्रममा सहभागि हुन आएका बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, यौनजन्य हिंसामा परेका व्यक्तिलाई सहजता प्रदान गर्न आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(५) समितिले सुनुवाई कार्यक्रममा सामान्यतया बालबालिका, असाध्य रोगी, अशक्त वृद्ध/वृद्धालाई सहभागी गराउने छैन । बालबालिकाहरुको सहभागिता आवश्यक देखिए बाल मनोविज्ञान/मनोसामाजिक परामर्शदाताको परामर्श अनुसार गरिनेछ ।

(६) समितिले सुनुवाईका सहभागिहरुसँग आएका बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, यौनजन्य हिंसामा परेका र अशक्तलाई सुनुवाई अवधिभर बस्न चाहेमा छुट्टै व्यवस्था गर्नुपर्ने छ ।

(७) समितिले सार्वजनिक सुनुवाई गर्नुपूर्व अनुसूची-२ बमोजिम व्यवस्थापनको तयारी गर्नु पर्नेछ ।

**९. सार्वजनिक सुनुवाई सञ्चालन प्रक्रिया :** (१) समितिले सुनुवाईको सञ्चालन देहाय बमोजिम गर्नु पर्नेछ:

(क) सुनुवाईको सञ्चालन समितिको सदस्य सचिवले गर्ने,

(ख) सुनुवाईको अध्यक्षता समितिका संयोजकले गर्ने,

(ग) सहभागिले पालना गर्नुपर्ने आचरण, नियम र समयको बारेमा समितिका सदस्य-सचिवले जानकारी गराउने,

(घ) सुनुवाई प्रारम्भ गर्नुभन्दा पहिले कार्यक्रमको उद्देश्यका बारेमा समितिका संयोजकले जानकारी गराउने,

(ङ) सुनुवाईमा कुनै सहभागिले लिखित रुपमा कुनै विचार अभिव्यक्त गर्न चाहेमा त्यस्तो मौका दिनु पर्नेछ,

(च) सुनुवाईको अन्त्यमा संयोजकले सुनुवाईमा उठेको जिज्ञासाको जवाफ दिनु पर्नेछ तर यसरी जवाफ दिदा आयोगबाट निर्क्योल हुनुपर्ने विषयमा धारणा व्यक्त गर्न पाइने छैन ।

**१०. प्रतिवेदन पेश गर्नुपर्ने :** (१) समितिले सार्वजनिक सुनुवाई समाप्त भएको मितिले बढिमा ७ दिन भित्र देहायका विषयहरु खुलाई अनुसूची-३ को ढाँचामा आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ :

(क) सार्वजनिक सुनुवाईको विषय,

(ख) सहभागि वक्ताहरुको नाम, ठेगाना र निजहरुले व्यक्त गरेको व्यहोराको सारांश,

(ग) सुनुवाईमा वक्ताहरुले सोधेका प्रश्न वा जिज्ञासा र यसमा संयोजकले दिएको जवाफको सारांश,

(घ) सुनुवाईमा सहभागिहरुको विचारको विश्लेषण,

(ङ) समितिको निश्कर्ष र सुझाव ।

(२) समितिले उपदफा (१) बमोजिम प्रतिवेदन साथ सार्वजनिक सुनुवाईमा अभिलेखिकरण वा लिपिवद्ध गरेका श्रव्य/दृश्य सामाग्री लगायतका सम्वद्ध कागजातका सक्कलै प्रति आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(३) समितिले आयोग समक्ष पेश गर्ने सार्वजनिक सुनुवाई सम्वन्धी प्रतिवेदन आयोगको निर्णय विना सार्वजनिक गर्न पाइने छैन ।

**११. सार्वजनिक सुनुवाई सम्वन्धी सामाग्रीको प्रशारण तथा प्रकाशनः** (१) समितिले अभिलेखिकरण गरेको सुनुवाईको श्रव्य/दृश्य सामाग्री वा प्रतिवेदनलाई कुनै सञ्चार माध्यमबाट प्रशारण प्रकाशन गराउन आवश्यक देखेमा आयोगले त्यस्तो सामाग्रीको प्रकाशन वा प्रशारण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सुनुवाईको श्रव्य/दृश्य सामाग्री सञ्चार माध्यमलाई उपलब्ध गराउने स्वीकृती दिँदा आयोगले पीडितहरुको मनसाय, सुरक्षा, गोपनियता र घटनाको संवेदनशिलता एवं त्यस्ता सामाग्रीको प्रशारण वा प्रकाशनले पार्ने प्रभावलाई समेत विचार गर्नु पर्नेछ ।

(३) सुनुवाईको प्रत्यक्ष प्रशारण गराउन आवश्यक देखेमा आयोगले सुनुवाई पूर्व प्रत्यक्ष प्रशारण गर्ने सञ्चार माध्यम तोकी अनुमति दिन सक्नेछ ।

## परिच्छेद-४
## विविध

**१२. दोभाषेको सहयोग :** सार्वजनिक सुनुवाईमा सहभागी हुने व्यक्तिले नेपाली भाषामा आफ्नो विचार राख्न नसक्ने भएमा समितिले निजको भाषा बुझी अनुवाद गर्न सक्ने दोभाषे व्यक्तिको सहयोग लिन सक्नेछ ।

**१३. सहयोग लिन सक्ने :** समितिले सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित जिल्लाको स्थानीय शान्ति समितिको कार्यालयका कर्मचारीको आवश्यक सहयोग लिन सक्नेछ ।

**१४. कुनै कानूनी कारवाही नहुने :** सार्वजनिक सुनुवाईमा व्यक्त गरेको कुरालाई मात्र आधार बनाई कसैलाई कुनै किसिमको कानूनी कारवाही गरिनेछैन ।

**१५. व्याख्या गर्ने तथा बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधि बमोजिम सार्वजनिक सुनुवाई गर्दा कुनै बाधा अड्काउ आई परेमा आयोगलाई त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार हुनेछ ।

**१६. कार्यविधिको संशोधनः** आयोगले आवश्यकता अनुसार कार्यविधिको संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

**१७. प्रचलित कानून बमोजिम हुने :** सार्वजनिक सुनुवाई गर्ने सम्वन्धमा यस कार्यविधिमा उल्लेख भए बाहेक अन्य व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची -१
## (दफा ५ को उपदफा (३) सँग सम्बन्धित)
## सार्वजनिक सुनुवाइको आचारसंहिता

(१) सहभागिले सभ्य, सरल, मर्यादित र शिष्ट भाषा प्रयोग गर्नु पर्नेछ ।

(२) सहभागीले बोल्दा पालै पालो र एउटा व्यक्तिले एक पटक मात्र बोल्नु पर्नेछ । प्रश्न कसका लागि हो खुलाउनु पर्नेछ ।

(३) सहभागीले बोल्नको लागि लिखित वा संकेत (हात उठाएर) बाट अनुमति लिनु पर्ने छ ।

(४) सहभागीले प्रश्न वा सुझाव के राख्ने हो पहिले स्पष्ट हुनु पर्नेछ ।

(५) संचालकले बोल्ने संकेत गरे पछि मात्र आफ्नो परिचय दिए पश्चात प्रश्न, जिज्ञासा वा सुझाव राख्नु पर्नेछ ।

(६) सहभागी तथा वक्ताले निर्धारित समय सीमा भित्र रही आफ्नो भनाई छोटकरीमा राख्नु पर्दछ ।

(७) सहभागीले आफ्नो भनाई विषयकेन्द्रित भई राख्नु पर्दछ । अनावश्यक, अनुपयुक्त, असान्दर्भिक वा अप्रासंगिक भनाई राख्नु हुदैन ।

(८) आफूसँग सम्वन्धित यथार्थ, वास्तविक र पुष्टि हुने कुराहरु मात्रै राख्नु पर्नेछ ।

(९) हरेक सहभागिले कार्यक्रममा व्यक्त भनाईहरु र एक अर्काको विचारको सम्मान गर्नु पर्नेछ ।

(१०) सहभागीले पहिला उठाई सकेको विषयवस्तुलाई पुनरावृति गर्न जरुरी हुने छैन । त्यस्ता विषयवस्तुमा थप वा अन्य मत राख्नको लागि संचालकको अनुमति लिनु पर्नेछ ।

(११) सुनुवाईको क्रममा सहभागीले कसै प्रति व्यक्तिगत लाञ्छानायुक्त भाषा प्रयोग गर्न पाईने छैन । व्यक्तिगत चरित्रका कुरालाई सुनुवाईको क्रममा ल्याउन पाइने छैन ।

(१२) सुनुवाईका वक्ता वा सहभागीलाई उत्तेजित पार्ने वा वदलाको भावनाबाट प्रेरित भनाई राख्न वा बोल्न पाइने छैन ।

(१३) सहभागिहरुले समस्या वा गुनासाहरु राखेमा सो को सामाधानको लागि संम्भाव्य सुझाव पनि दिन सक्नेछन् ।

(१४) सञ्चारकर्मीले पीडितको गोपनियताको लागि पीडित तथा साक्षीको पहिचान खुल्ने गरी सूचना प्रकाशित गर्न पाइने छैन ।

(१५) सञ्चारकर्मीहरु वा अन्य कसैले पनि सम्वन्धित पक्षको सहमति विना सुनुवाईको क्रममा व्यक्त भनाईहरुको रेकर्ड गर्न पाइनेछैन ।

(१६) सहभागिले पीडितको मनोभावना र मर्यादामा आँच नआउने गरी आफ्नो भनाई राख्नु पर्नेछ ।

(१७) सहभागीले सुरक्षा, गोपनीयता, पीडित मैत्री वातावरण कायम राख्ने तर्फ विशेष ध्यान दिएर मात्र बोल्नु पर्नेछ ।

(१८) सुनुवाईलाई विथोल्ने, अवरोध गर्ने प्रयास कोही कतैबाट भएको पाएमा सबै सहभागी समेत मिलेर शालिनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

(१९) सुनुवाईलाई विषयान्तर हुनबाट सबै सहभागी सचेत हुनु पर्नेछ ।

(२०) पीडित तथा साक्षीको भनाई पुष्टि हुने कुनै प्रमाण रहेछ भने सो पेश गर्न सक्नेछ । विषयवस्तुसँग प्रत्यक्ष सम्वन्धित विषयहरु राख्न सकिने छ ।

(२१) सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी हुन आउने व्यक्तिहरुले मर्यादित र सभ्य पोशाक लगाएर आउनु पर्नेछ ।

(२२) सार्वजनिक सुनुवाई कार्यक्रममा व्यक्त भनाई र प्रमाणको कसैले पनि दुरुपयोग गर्न पाउने छैन ।

(२३) कार्यक्रममा सहभागी हुने पीडितले आफ्ना कुरा भन्न नचाहेमा जवरजस्ती भन्न बाध्य पारिने छैन । यदि कुनै विषयमा समितिले स्पष्ट हुन चाहेमा पुनः प्रश्न गर्न सक्नेछ ।

(२४) सार्वजनिक सुनुवाईमा कार्यक्रम अवधिभर मोवाइल साइलेन्ट वा बन्द गर्नु पर्नेछ ।

## अनुसूची -२
### (दफा ८ को उपदफा (७) सँग सम्बन्धित)
### सार्वजनिक सुनुवाईको व्यवस्थापनको लागि तयार पारिएको Check List

| तयारीको चरण | सार्वजनिक सुनुवाईको व्यवस्थापन तयारी, कार्यान्वयन, मुल्याङ्कन, प्रतिवेदनका चरणहरुको संक्षिप्त Check List | तयारीको पछिल्लो अवस्था | | |
|---|---|---|---|---|
| | | प्रारम्भिक तयारी | आंशिक तयारी | पूर्ण तयारी |
| **क** | **तयारी खण्ड** | | | |
| १ | सार्वजनिक सुनुवाईको विषय छनोट | | | |
| २ | सरोकारवालाको पहिचान र सम्पर्क | | | |
| ३ | कार्य तालिका निर्माण, मिति, समय र स्थानको तय | | | |
| ४ | कार्यक्रमस्थलको चयन | | | |
| ५ | सूचना सम्प्रेषण (व्यक्तिगत तथा संस्थागत निमन्त्रणा वितरण, सार्वजनिक सूचना सम्प्रेषण) | | | |
| ६ | अन्य सरोकारवाला पक्ष तथा व्यक्तिको प्रतिनिधित्वको सहभागिताको सुनिश्चितता | | | |
| ७ | प्रस्तुतिको तयारी | | | |
| ८ | जिम्मेवारी बाँडफाँड सहजकर्ता र र्‍यापोर्टरको चयन | | | |
| ९ | तयारीको अन्तिम समिक्षा | | | |
| **ख** | **कार्यान्वयन खण्ड** | | | |
| १० | कार्यक्रमस्थलको तयारीको अवस्था | | | |
| ११ | सहभागिको नाम दर्ता | | | |
| १२ | सहजीकरण : स्वागत, सञ्चालन विधिको तय | | | |
| १३ | आचार संहिताको जानकारी | | | |
| १४ | सहभागि वक्ताको संस्थागत प्रस्तुति | | | |
| १५ | सहभागिहरुबाट उठेका प्रश्न, सुझाव र जिज्ञासाको जवाफ | | | |
| १६ | धन्यवाद सहित कार्यक्रम समापन | | | |
| **ग** | **मूल्याङ्कन खण्ड** | | | |

| | | | | |
|---|---|---|---|---|
| १७ | कार्यक्रमको अपेक्षा र उपलब्धी बारेमा छलफल | | | |
| १८ | सरोकारवालापक्षको उपस्थिति, सहभागिता र प्रभावकारीता | | | |
| १९ | व्यवस्थापन र अभिलेखिकरण | | | |
| **घ** | **प्रतिवेदन खण्ड** | | | |
| २० | कार्यक्रमको पृष्ठभूमि र उद्देश्य | | | |
| २१ | सहभागिको उपस्थितिको अवस्था | | | |
| २२ | सुनुवाईको विषय, सहभागिको आकांक्षा, जिज्ञासा, गुनासो र समस्याको टिपोट | | | |
| २३ | आयोगको तर्फबाट दिएको जवाफको टिपोट | | | |
| **ङ** | **सार्वजनिक सुनुवाई सञ्चालनका लागि आवश्यक पर्ने थप सामाग्री तथा व्यवस्थापन** | | | |
| २४ | कार्यक्रमस्थलमा फर्निचरको व्यवस्था | | | |
| २५ | कार्यक्रमको व्यानर | | | |
| २६ | कार्यक्रमको लागि Sound System को व्यवस्था | | | |
| २७ | सहभागिको नाम दर्ता गर्ने रजिष्ट्रर | | | |
| २८ | कार्यक्रममा प्रस्तुत गरिने सामाग्री | | | |
| २९ | कार्यक्रममा वितरण गरिने सामाग्री | | | |
| ३० | कार्यक्रमको प्रत्यक्ष प्रशारणको लागि सञ्चारकर्मी, एफएम र टि.भी. सँग सम्पर्क | | | |
| ३१ | कार्यक्रमका लािग आवश्यक पर्ने स्टेशनरी सामाग्रीहरु : Question slip, writing pad, stappler, punching machine, masking tape, extension wire, glue stick, highlighter, blank sheet paprer, thamp pin, markar, file etc. | | | |

## अनुसूची -३
(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग समक्ष पेश गरेको**
**सार्वजनिक सुनुवाई सम्बन्धी प्रतिवेदन**

(१) सुनुवाई गरेको स्थान, मिति र समय :
(२) सार्वजनिक सुनुवाई गरेको विषयवस्तु :
(३) सार्वजनिक सुनुवाईमा सहभागी संख्या :
(४) सार्वजनिक सुनुवाई कार्यक्रमको संयोजक :
(५) सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागि वक्ताको नाम, थर ठेगाना र निजले व्यक्त गरेको प्रश्न/ जिज्ञासा/गुनासाको संक्षिप्त व्यहोरा :
(क)
(ख)
(ग)
(घ)
(ङ)
(६) सार्वजनिक सुनुवाईमा सहभागि वक्ताहरुले सोधेका प्रश्न वा जिज्ञासा र यसमा आयोगको तर्फबाट संयोजकले दिएको उत्तरको सारांश,
(७) सार्वजनिक सुनुवाईमा सहभागिहरुको धारणाको तथ्य विश्लेषण :
(८) सार्वजनिक सुनुवाई कार्यक्रमबाट हासिल उपलब्धि र सुझाव :
(९) समितिको निश्कर्ष र सुझाव :

.............. ................. ................ ................
(समितिका पदाधिकारीको दस्तखत)

मिति :